**जीतपुरसिमरा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जीतपुर, बारा**
**मधेस प्रदेश, नेपाल ।**

# बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।१०।१८ गते

जीतपुरसिमरा उपमहानगरपालिकाको चालु आ.व. २०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित सामाग्रीहरुको वोलपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य फर्महरुले फर्म दर्ताको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.२०७७२०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी सम्लग्न राखी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र फाराम यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**शर्तहरु**

१) बोलपत्रदाताले खरिद गरेको वोलपत्र फाराम सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र (पछि फिर्ता नहुने गरी रु ३,०००/- (तिनहजार मात्र) नगदै यस कार्यालयमा दाखिला गरी खरिद गर्न र ३१ औ दिनको १२ वजे भित्र यस कार्यालयमा फर्मको नाम, ठेगाना र कामको प्रयोजन उल्लेख गरी सिलवन्दी गरी बोलपत्र दाखिला गर्न सकिने छ । म्याद नाघि वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

२) वोलपत्रदाताले धरौटि रकम यस कार्यालयको नेपाल बैंक जीतपुर शाखामा रहेको हि.नं.१०००३००००३०००००००१ धरौटि खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्रको न्यून्तम १२० (एक सय बिस) दिनको म्याद भएको बैंक ग्यारेन्टीको सक्कल प्रती सम्लग्न राखी वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

३) वोलपत्रदाताले यस कार्यालयवाट विक्री भएको वोलपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । बोलपत्र फाराममा कुनै शर्त राखि पेश गर्न पाइने छैन ।

४) दर्ता भएका बोलपत्र फारामहरु दर्ता भएको दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र वोलपत्र दाता वा निजले खटाएको प्रतिनिधिको रोहवरमा खोलिने छ । उक्त दिन बिदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । वोलपत्र फाराम खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) वोलपत्रदाताले पेश गरेको वोलपत्र फाराम स्वीकृत भएमा कबोल अंकको ५% (पाँच प्रतिशत) बराबरको नगद जमानत वा कम्तिमा वारेन्टी अवधि सम्मको म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" श्रेणी का वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी परफमेन्स वण्ड समझौता अगावै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

६) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने वा स्थगन गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) बोलपत्र फाराममा उललेख भएको सामानको परिमाण थपघट समेत हुन सक्ने छ । यसरी थपघट भएता पनि वोलपत्रदाताले कबोल गरेको दररेटमै सामानहरु उपलब्ध गराउनु पर्ने छ । सम्पूर्ण करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्ने छ ।

८) स्वीकृत बोलपत्र दाताले सामानमा अंकित मूल्य भन्दा वढी दर पेश गर्न पाइने छैन । साथै वोलपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधि भित्र सामान बुझाउनु पर्ने छ । सामानको केहि अंस वा सम्पूर्ण सामान बुझाउन नसकेमा प्रचलित ऐन कानुन बमोजिम कार्यवाहि हुनेछ ।

९) शिलबन्दी बोलपत्र अन्य कागजात (भाषागत समेत)त्रुटि भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्चाउन बाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आँशिक रुपमा स्वीकार वा स्वीकृत गर्ने अस्वीकार /अस्वीकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायत सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेको छ ।

१०) यसमा लेखिएको यसै वमोजिम र यस्मा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

**तपसिल**

| बोलपत्र/दरभाउपत्र नं. | समानको विवरण | अनुमानित लागत मुल्य ( मु.अ.कर र कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम ( रु.) | दस्तुर रु. | |
|---|---|---|---|---|---|
| **JSMC/NCB/GOODS/ NS/3/078/079** | पाइप (**HDPE**) आपुर्ति कार्य जी.सि.२२ चकरी | ५२,०७,३८५।- | १,३१,०००।- | ३०००।०० | |

चेत कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत